भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


प.सं. :- (कृषि) २०८२/८३ मिति:- २०८२/०८/०७ गते
च.नं.:- ४६२

**विषय:- सूचना टाँस गरी जानकारी पठाउने तथा माग संकलन गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको **प्रथम पटक प्रकाशित प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रम माग सम्बन्धी सूचना** (१५ दिने) त्यहाँ वडा कार्यालयको **सूचनापाटीमा टाँस** गरी वडाभित्र रहेका कृषक/कृषि नर्सरी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन र इच्छुकवाट कार्यक्रम मागको लागि निवेदनको फाराम/ढाँचा/नमुना वमोजिम माग संकलन गर्नु गराउनुहुन अनुरोध छ ।

साथै उक्त **प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रम माग सम्बन्धी सूचना**को पाना २ (दुई) प्रति र **कार्यक्रम माग सम्बन्धमा निवेदन-पत्र तथा दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्र**को **फाराम/ढाँचा/नमुना** पाना २ (दुई) प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

.....................
(उपेन्द्र यादव)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- (कृषि) २०८२/८३
सूचना नं.:- २३

**प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रम माग सम्बन्धी सूचना ।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८२/०८/०७ गते आइतवार)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन तथा कार्यान्वयन हुने **वाली संरक्षण तथा जैविक, वानस्पतिक विषादी ८० प्रतिशत अनुदान** कार्यक्रममा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने **भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि नर्सरी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु**ले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु संलग्न गरी **यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मितिः वि.सं.२०८२/०८/२१ गते आइतवार)भित्र** कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका माग निवेदन फारामहरु छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**
**कार्यक्रम माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- कार्यक्रम माग सम्बन्धमा निवेदन फाराम र छाप ।
- कृषक/सञ्चालक/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकको जग्गा धनी दर्ता प्रमाण-पुर्जा र जग्गा/जमिन भाडामा भए कम्तिमा १० वर्षको करार सम्झौता-पत्रको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकले चालु आ.व.२०८२/८३ को जग्गा/जमिन कर (तिरो) तिरेको रसिदको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सोही प्रकृतिको कार्यक्रममा दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्र ।
- समूह/संस्थाको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

............................
(उपेन्द्र यादव)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्कका लागिः**
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरीः- ९८४१८०२७३२, ९८२२८२३८२६
२. कृषि प्राविधिक- विशाल पुन मगरः- ९८६६९०४६५६, ९८१०९४०९९५
३. प्राविधिक सहायक- मोहन कुमार डाँगीः- ९८४७८६१३२९

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

नोट/पुनश्चः

- व्यक्तिगत कृषकको हकमाः
- प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रमतर्फः *बजारिया तयारी वोर्डो पेष्ट १-७ लिटर, मल्टिनिम, ट्राईकोडर्मा १-५ डिब्बा र*
- कृषि नर्सरी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमाः *व्यक्तिगत कृषकको हकमा उल्लेखित सामग्रीको परिमाण (लिटर/डिब्बा) वा सो भन्दा बढी माग गर्नुपर्नेछ ।*
- *उल्लेखित प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रम माग गर्नको लागि निवेदन र दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्रको फाराम/ढाँचा/नमुना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु र भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाइट www.bhumemun.gov.np तथा Facebook page वाट प्राप्त गर्न सकिनेछ ।*

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

## वाली संरक्षण तथा जैविक, वानस्पतिक विषादी ८० प्रतिशत अनुदान कार्यक्रम मागको लागि निवेदनको फाराम/ ढाँचा/नमुना

**मितिः-** वि.सं.२०८२/०८/........ गते ......................

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**भूमे गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**खाबाङ बगर, रुकुम (पूर्वी भाग),**
**लुम्बिनी प्रदेश, नेपाल ।**

**विषयः- प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रम माग सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन तथा कार्यान्वयन हुने **वाली संरक्षण तथा जैविक, वानस्पतिक विषादी ८० प्रतिशत अनुदान** कार्यक्रम सञ्चालन गरी कार्यान्वयन गर्नको लागि **प्राङ्गारिक, जैविक तथा वानस्पतिक विषादी वितरण कार्यक्रम माग सम्बन्धी सूचना (१५ दिने) मितिः- वि.सं.२०८२/०८/०७ गते आइतवार**को दिन प्रथम पटक प्रकाशित सूचना अनुसार उक्त कार्यक्रम माग गर्नको लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु यसै निवेदनको साथमा संलग्न गरी **तपसिलमा उल्लेखित प्राङ्गारिक कृषि उत्पादन सामग्री उल्लेखित परिमाणमा** उपलब्ध गराईदिनुहुन् भनि यो निवेदन श्रीमान् समक्ष पेश गर्दछु/गर्दछौ ।
श्रीमानको जो आदेश,

**तपसिलः**

| क्र.सं. | प्राङ्गारिक कृषि उत्पादन सामग्री विवरण | इकाइ | माग गरिएको परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | बजारिया तयारी बोर्डो पेष्ट | लिटर | | |
| २. | मल्टिनिम (१०० एम.एल.) | डिब्बा | | |
| ३. | ट्राईकोडर्मा (१०० एम.एल.) | डिब्बा | | |

**निवेदकः**

**हस्ताक्षर/दस्तखतः-**
**कृषक/कृषि नर्सरी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लि.सञ्चालक/ अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नामथरः-** श्री
**कृषि नर्सरी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लि.को नामः-** श्री
**स्थायी ठेगानाः-**
**सम्पर्क नंम्बरः-**
**कृषि नर्सरी/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लि.को छापः-**

# आयोजना/कार्यक्रमको दोहोरो अनुदान नलिएको स्वःघोषणा-पत्र

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भूमे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/८३ स्वीकृत वार्षिक विकास आयोजना/कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकार/अन्य निकायबाट प्रदान/उपलब्ध गरिने कृषि अनुदान रकम/सामग्री/यन्त्र/उपकरण/औजार/अन्य वस्तु लिन इच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकार/अन्य निकायबाट प्रदान/उपलब्ध गरिएको रकम/सामग्री/यन्त्र/उपकरण/औजार/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु । यदि मैले/हामीले लिएको प्रमाणित भएमा मेरो/हाम्रो कृषि नर्सरी/फार्म/समूह/सहकारी/संस्था/समिति/उद्योग/कम्पनी/सञ्जालको सम्पत्तिबाट नियमानुसार ब्यक्तिगत/संस्थागत रुपमा असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन ।

हस्ताक्षर/दस्तखतः-
नामथरः- श्री
पदः-
कृषि नर्सरी/फार्म/समूह/सहकारी/संस्था/समिति/उद्योग/कम्पनी/सञ्जाल
को नामः- श्री
स्थायी ठेगानाः-
सम्पर्क नं.:-
कृषक/नर्सरी/फार्म/समूह/सहकारी/संस्था/समिति/उद्योग/कम्पनी/सञ्जालको छापः-